हिमालयन पावर पार्टनर लि.
Himalayan Power Partner Ltd.
Energy Sector Research, Development & Consulting Services

मिति :२०८१/०९/०७

च.नं. ४४/०८१/०८२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा गर्ने तथा शेयर दर्ता किताब बन्द गर्ने बारेमा**

उपरोक्त सम्बन्धमा यस हिमालयन पावर पार्टनर लिमीटेडको मिति २०८१/०९/०७ गतेका दिन अपरान्ह ३:१५ बजे देखि बसेर सम्पन्न सञ्चालक समितिको ६७औ बैठकको निर्णयानुसार कम्पनीको बाऱ्हौं वार्षिक साधारण सभा मिति २०८१/०९/२९ मा गर्ने र सो प्रयोजनको लागि मिति २०८१/०९/१७ गतेका दिन शेयर दाखिला खारेज बन्द ( Book Close ) गर्ने निर्णय गरेकोले निम्न बमोजिम हुने गरी शेयर दाखिला खारेज बन्द ( Book Close ) गर्न गराउन हुन विनम्र अनुरोध गर्दछौं । साथै २०८१/०९/०८ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन हुने बाऱ्हौं वार्षिक साधारण सभा सम्बन्धि सूचनाको नमुना यसै साथ संलग्न गरि पठाएको व्यहोरा अनुरोध छ ।

नगद लाभांश प्रतिशत : छैन (N/A)

बोनस शेयर प्रतिशत : छैन (N/A)

हकप्रद शेयर प्रतिशत : चुक्तापुँजीको १ बराबर ०.५ हकप्रद शेयर

शेयर दाखिला खारेज बन्द मिति ( Book Close Date) : २०८१/०९/१७

हालको चुक्ता पुँजी : रु. १,०६,५४,१७,०००

बार्षिक साधारण सभाको मिति : २०८१/०९/२९

भवदीय,

बिनय के.सी.
कम्पनी सचिव

बोधार्थ

१. श्री नेपाल धितोपत्र बोर्ड जावलाखेल, ललितपुर ।
२. श्री कम्पनी रजिष्ट्रारको कार्यलय, त्रिपुरेश्वर, काठमाण्डौं ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
४. श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौं ।
५. श्री ग्लोबल आइएमइ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

Post Box # 12538, Maharajgunj, Kathmandu, Nepal. Telephone: 977-1-4002801, Fax:977-1-4414517
Email: hpphydro@gmail.com; Website : www.hpp.com.np

# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

## १२औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(पटक प्रकाशित मिति २०८१/०९/०८ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस हिमालयन पावर पार्टनर लिमिटेडको मिति २०८१/०९/०७ गतेका दिन बसेको सञ्चालक समितिको ६७औ बैठकको निर्णयानुसार कम्पनीको १२औं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु माथी छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साधारण सभाका दिन निम्न लिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**

**सभा हुने मिति** : २०८१ साल पुष महिना २९ गते सोमबार ।
**सभा हुने स्थान** : डेलिस अपेरा रेष्ट्रो एण्ड ब्यंक्वेट प्रा.लि., बालुवाटार, काठमाण्डौं ।
**सभा शुरु हुने समय** : बिहान ९:०० बजे ।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।
४. रिक्त रहेको संचालक पदमा संचालक समितिबाट गरिएको नियुक्ति अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्तावहरुः**

१. कम्पनीको चुक्ता पूँजीको १ बराबर ०.५ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने र सो सम्बन्धमा गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**ग. विविध**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०८१/०९/१७ गते १ दिन बन्द रहनेछ। दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द हुनुभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०८१/०९/१६ गते सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई नामसारी भई कायम भएका शेयरधनीहरुले उक्त साधारण सभामा भाग लिन, मतदान गर्न पाउने व्यहोरा अनुरोध छ।
२ कम्पनीको साधारण सभाको सूचना, वार्षिक प्रतिबेदन, वित्तिय विवरण आदि शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.hpp.com.np हेर्न र डाउनलोड गर्न सक्नु हुनेछ।
३. कम्पनीको कार्यालय महाराजगञ्ज, काठमाण्डौंमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुन आवश्यक छ।
३. प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः वदर हुनेछ।
४. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरि प्रोक्सी दिएमा सम्पूर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ।
५. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लागत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
६ शेयरधनीहरुले व्यक्त गरेका मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ।
७. सभामा भाग लिने प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ८:०० वजेदेखि सभा समय सम्म खुल्ला रहनेछ।
८. साधारण सभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको रजिर्ष्टर्ड कार्यालय, महाराजगंज, काठमाण्डौं वा कम्पनीको फोन नं. ४००२८०१ मा सम्पर्क राख्नुहुन अनुरोध छ।